

सवरून नेसा

सुरक्षित समाजका लागि सोच बदल्ने बेला (३)


## सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

❑ वर्ष-२१ ❑ अंक - २३६ ❑ २०८३ भाद्र २७ गते शनिबार ❑ Saturday, 12 Sept. 2026 ❑ मूल्य ७ /-



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

*तेस्रो पटक प्रकाशित मिति २०८३।०५।२७*

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्टारको कार्यालयबाट मिति २०८३/०५/२ मा स्विकृती प्राप्त भई साविक कम्पनी नाम बदमटार बहुप्राविधिक शिक्षालय प्रा.लि.(प्रा.लि.न. ३३९९६६) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋृण धन, कर दायित्व आदि परिवर्तित नामको बदमटार प्राविधिक शिक्षालय प्रा.लि अंग्रेजीमा Badamtar Prabidhik Shikshalaya Pvt. Ltd. ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।


## अस्पतालका पाँच कर्मचारी निलम्वित

**दमक/** सप्तरीको राजविराज स्थित गजेन्द्रनारायण सिंह अस्पतालको मूल गेटबाहिर बबिता पासवानले बच्चा जन्माएको भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भएपछि अस्पताल प्रशासनले ५ जना कर्मचारीलाई निलम्बन गरेको छ ।

२०८३ साल भदौ २५ गते गजेन्द्रनारायण सिंह अस्पताल परिसरको मूल गेटबाहिरै पासवानले बच्चा जन्माएको सम्बन्धी भिडियो सामाजिक सञ्जालमा सम्प्रेषित भएपछि अस्पतालले कारबाही गरेको हो ।

उक्त घटनाका सम्बन्धमा अस्पताल प्रशासन तथा अन्य निकायहरूबाट छानबिन समिति गठन गरिएको छ ।

बाँकी ४ पेजमा ▸▸

## करेन्ट लागेर कामदारको मृत्यु

**झापा/** करेन्ट लागेर बीएण्डसी मेडिकल कलेजका एकजना कामदारको मृत्यु भएको छ । शुक्रवार दिउँसो ३:३० बजे मेचीनगर १२ धाइजन चोकस्थित बीएण्डसी मेडिकल कलेज चारआलीमा काम गर्ने कामदार बारा करैयामाई गाउँपालिका ८ बस्ने २५ वर्षीय संजय चौधरीको मृत्यु भएको हो ।

कलेजबाट बिजुलीको लाइन तानेर सोही कलेज छेउमा रहेको झिलिमिले नहरमा करेन्ट लगाई माछा मार्ने क्रममा उनलाई अचानक करेन्ट लागेको थियो ।

घाइते चौधरीलाई उपचारका लागि बीएण्डसी अस्पताल ल्याइएको थियो । उपचारका क्रममा साँझ -६:३० बजे डाक्टरले मृत घोषणा गरेको प्रहरीले जनाएको छ । बाँकी ४ पेजमा ▸▸

# जनताले ग्याँस नपाएकोमा सांसदको आपत्ति

पूर्वसन्देश समाचार

**दमक/** बजारमा ग्यास हुँदाहुँदै उपभोक्ताले किन्न नपाउने अवस्था बनेपछि सांसदहरुले आपत्ति प्रकट गरेका छन् । लामो समयदेखि जारी ग्यास अभाव उपत्यकामा झन् भयावह बनेपछि मन्त्रीले व्यवसायीका विरुद्धमा बोल्दा मन्त्री पदबाटै राजीनामा दिनुपर्‍यो । उद्योगमन्त्री गौरीकुमारी यादवले राजीनामा दिएको २४ घण्टा नबित्दै सुनसरीका सांसद दिपक शाह उद्योग मन्त्रीमा नियुक्त भएको विषयमा समेत व्यांग्यात्मक शैलीमा आलोचना बढ्यो । सरकारकै सांसदले संसदमा ग्यास दिन नसक्ने हो भने जनतालाई दाउरा बालेर खाना पकाउन भन्नुपर्ने अवस्था आएको भन्दै सरकारको आलोचना गरेका छन् ।

शुक्रबार प्रतिनिधिसभाको शून्य समयमा बोल्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) की सांसद आशिका तामाङले पसलमा ग्यास हुँदाहुँदै व्यवसायीले बिक्री नगरेको गुनासो आफूलाई दैनिक हजारौं फोनमार्फत आउने गरेको बताइन् ।

'पसलमा ग्यास छ, तर पसलेले बेच्न मान्दैनन् भनेर गुनासो आउँछ,' उनले भनिन्, 'यो त ल्हासामा सुन छ, कान मेरो बुच्चै भनेजस्तो भयो । यसले त नेपालमा सरकारभन्दा माफिया ठूला रहेछन् भन्ने पुष्टि भएन र ?'

ग्यास उपलब्ध गराउन नसक्ने हो भने सरकारले जनतालाई स्पष्ट जानकारी दिनुपर्ने भन्दै उनले ग्यास नभए दाउरा खोजेर खाना पकाउन भन्नुपर्ने व्यंग्य गरिन्। उनका अनुसार समस्या समाधान नगरी मन्त्री परिवर्तन गर्दै जाने हो भने ग्यासको भन्दा मन्त्रीहरूको लाइन लामो हुने अवस्था आउँछ ।

यादवको राजीनामापछि बिहीबार नयाँ उद्योगमन्त्रीका रूपमा दीपककुमार साह नियुक्त भएका छन् । तर मन्त्री फेरबदलले मात्र आपूर्ति संकट समाधान हुनेमा प्रश्न कायमै छ ।

यहीबीच प्रधानमन्त्री वालेन्द्र शाहले भने मुलुकको अर्थतन्त्र, लगानी विस्तार र निजी क्षेत्रका समस्या समाधानका विषयमा शीर्ष उद्योगी-व्यवसायीसँग करिब दुई घण्टा छलफल गरेका छन् । आधा घण्टाका लागि तय भएको भेटवार्ता झण्डै दुई घण्टा चलेको थियो ।

प्रधानमन्त्रीको निमन्त्रणामा भएको छलफलमा उद्योगी विनोद चौधरी, नेपाल उद्योग वाणिज्य बाँकी ४ पेजमा ▸▸

### ग्याँस अनुगमनबाट हजार बढी सिलिण्डर बरामद

दमक । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीमा दिपक शाह आउने वित्तिकै अनगुमन तिव्र बनाइएको छ । शुक्रबार मात्रै उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले काठमाडौं महानगरपालिका-३२ नरेफाँट र सामाखुसीका ग्यास बिक्रेताबाट लुकाइराखिएका ३७२ सिलिण्डर बरामद गरेको छ । प्रहरीले नरेफाँटस्थित रामेछाप ब्राण्ड ग्यास डिलरका सञ्चालक तथा बसुन्धारास्थित हाम्रो सगरमाथा सहकारीमार्फत ग्यास कारोबार गर्ने व्यक्तिलाई पक्राउ गरेको छ।

त्यस्तै, तीनकुनेको गैरीगाउँबाट दुई ट्रकमा लोड गरी राखिएका ७ सय सिलिण्डर बरामद गरिएको छ । कालोबजारी गरेको आरोपमा प्रहरीले वसुन्धरास्थित जय श्री बालाजी ग्यास स्टोरका सञ्चालकलाई पनि पक्राउ गरेको छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति विभागले उपभोक्ताबाट अस्वाभाविक मूल्य असुलेको र मिलेमतोमा ग्यास बिक्री गरेको आरोपमा दुई व्यवसायीलाई ३/३ लाख रूपैयाँ जरिवाना गरेको छ । बिहीबार भक्तपुरको सूर्यविनायकबाट ७५ र इटाछेबाट २८ सिलिण्डरसमेत बरामद गरिएको थियो ।

यसैबीच, नवनियुक्त मन्त्री दीपक साहले पदभार सम्हालेकै दिन उद्योगीहरूसँग छलफल गर्दै ग्यास आपूर्ति सहज बनाउने पहल थालेका छन् । ग्यास बिक्रेता महासंघले पनि सरकारले तोकेको मूल्यभन्दा बढीमा बिक्री नगर्न व्यवसायीलाई आग्रह गर्दै त्यस्तो कार्य गर्ने जोसुकैलाई कानुनी कारबाही गर्न माग गरेको छ ।

# बाढीपीडितका लागि प्याब्सन झापाको ७५ लाख सहयोग



**झापा/** भोटेकोशी बाढीबाट प्रभावित नागरिकका लागि झापाका निजी विद्यालय परिवारले ७५ लाख ५३ हजार ९ सय ४७ रुपैयाँ सहयोग जुटाएका छन् । निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) झापाको पहलमा संकलित रकम प्याब्सन केन्द्रीय समितिमार्फत प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा पठाइएको छ ।

प्याब्सन नेपालको आह्वानपछि झापामा आबद्ध १३९ विद्यालयका सञ्चालक, शिक्षक, विद्यार्थी र अभिभावकबाट उक्त रकम संकलन गरिएको हो। बिहीबार आयोजित कार्यक्रममा प्याब्सन झापाका अध्यक्ष छत्रबहादुर कार्कीले केन्द्रीय प्रतिनिधिलाई रकम हस्तान्तरण गरेका हुन् । कार्कीका अनुसार केही विद्यालयले अझै रकम उपलब्ध गराउन बाँकी रहेकाले अभियानलाई निरन्तरता दिइनेछ । एक साताभित्र थप रकम संकलन गरी सहयोगलाई एक करोड रुपैयाँ पुर्‍याउने तयारी रहेको उनले बताए ।

बाँकी ४ पेजमा ▸▸

# एमाले पुनर्गठन कार्यदलमा दुई प्रतिवेदन प्रस्तुत

**दमक/** नेकपा एमालेको निर्वाचन समीक्षा तथा पार्टी पुनर्गठन कार्यदलमा दुई फरक-फरक प्रतिवेदन प्रस्तुत भएको छ । पार्टी कार्यालय च्यासलमा शुक्रबार बसेको कार्यदल बैठकमा कार्यदलका संयोजक तथा उपाध्यक्ष रामबहादुर थापा 'बादल' र सदस्यसचिव तथा पार्टीका महासचिव शंकर पोखरेलले प्रतिवेदन प्रस्तुत गरेका हुन् ।

कार्यदलका संयोजकले दुवै दस्तावेज कार्यदलको बैठकमा छलफलका लागि पेश गरेको एमाले प्रचार विभाग प्रमुख निरज आचार्यले जानकारी दिए । दुईवटा छुट्टाछुट्टै दस्तावेज हुन नसक्ने निष्कर्ष निकाल्दै दुवैको अध्ययन तथा छलफल गरी एउटै साझा दस्तावेज तयार पारेर सचिवालयलाई बुझाउने सहमति भएको उनले बताए ।

दुवै दस्तावेज अध्ययन गर्ने र शुक्रबारदेखि आवासीय रूपमा बसेर छलफल गरी एउटै अन्तिम प्रतिवेदन तयार पारेर छिटोभन्दा छिटो सचिवालयलाई हस्तान्तरण गर्ने निर्णय भएको प्रचार विभाग प्रमुख आचार्यले जानकारी दिए ।

# हुङ्गा खोलामा पहिरोले पानी थुनियो

**विराटनगर/** सोलुखुम्बुको महाकुलुङ गाउँपालिका-२ र ४ भएर बग्ने हुङ्गा खोलामा करिब ३५ मिटर अग्लो पहिरो खसेर खोला थुनिएपछि तल्लो तटीय क्षेत्रमा जोखिम बढेको छ । पहिरोले करिब १०० मिटर क्षेत्र थुन्दा १५ मिटर गहिराइसम्म पानी जम्मा भएको प्रहरीले जनाएको छ ।

शुक्रबार बिहान करिब ७ बजे पहिरो खसेर खोला थुनिएको सूचना पाएपछि इलाका प्रहरी कार्यालय सोताङबाट टोली घटनास्थलतर्फ पठाइएको कोशी प्रदेश प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार अहिले पानीको निकास सुरू भएको छ । तर पहिरोमाथिबाटै पानी बगिरहेको र अवस्था संवेदनशील रहेकाले जोखिम कायमै छ ।

घटनास्थल गौरीशंकर हाइड्रोपावरको हेडवर्क्सबाट करिब १०० मिटर तल महाकुलुङ-२ क्षेत्रमा पर्छ। सूचना प्राप्त हुनासाथ नदी तटीय क्षेत्रका गाउँबस्ती तथा नजिकका दुई हाइड्रोपावरलाई उच्च सतर्कता अपनाउन भनिएको छ । हाइड्रोपावरमा रहेका कामदार तथा सवारीसाधनलाई सुरक्षित स्थानमा सार्नसमेत आग्रह गरिएको छ ।


हुङ्गा खोलाको बहाव सोताङ र थुलुङ दूधकोशी हुँदै खोटाङ तथा ओखलढुंगातर्फ जाने र अन्ततः दूधकोशी नदीमा मिसिने भएकाले अवरोध फुटेमा तल्लो तटीय क्षेत्रमा जोखिम हुनसक्ने भन्दै स्थानीयलाई सावधानी अपनाउन भनिएको छ ।

प्रहरीले पहिरोले बनेको अवरोध कहिले फुट्ने वा त्यसबाट हुनसक्ने क्षतिबारे भने अहिलेसम्म कुनै प्रक्षेपण सार्वजनिक गरेको छैन ।

# टिमुरेमा तालिम प्राप्त कुकुर साम्बाको सहयोगमा २० शव फेला

*__रसुवा/__ रसुवाको भोटेकोशीमा गएको बाढीमा बेपत्ताको खोजीको लागि खटाइएको तालिमप्राप्त कुकुर साम्वाले करिब २० वटा शव फेला पारेको जनाइएको छ । बाढी आएको दिनदेखि उद्धार तथा खोज कार्यमा सशस्त्र प्रहरी बलको कुकुर 'साम्बा' निरन्तर खटिएको छ । डेढ बर्षको साम्बा बाढी आएको दिन ढुङ्गेबजार, देवीघाट लगायत स्थानमा खटिएको*

बाँकी ४ पेजमा ▸▸



## हत्या गरी आत्महत्याको रूप दिन खोज्ने आमाछोरा पक्राउ

**पाँचथर/** पाँचथरको मिक्लाजुङ गाउँपालिकामा पति तथा बाबुको हत्या गरी घटनालाई आत्महत्याको रूप दिन खोजेको आरोपमा प्रहरीले आमाछोरालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा मिक्लाजुङ-३ आहालेकी ४३ वर्षीया महिला र उनका १७ वर्षीय छोरा छन् । प्रहरीले उनीहरूको नाम सार्वजनिक गरेको छैन ।


४८ वर्षीय इन्द्रकुमार दमाई भदौ २० गते छिमेकीको पाखाबारीमा मृत अवस्थामा भेटिएका थिए । उनको घाँटीमा सलको पासो लगाइएको थियो भने शरीरका विभिन्न भागमा धारिलो हतियारले प्रहार गरेको चोट देखिएपछि प्रहरीले घटना शंकास्पद मानेर अनुसन्धान थालेको थियो ।

अनुसन्धानका क्रममा आमाछोराले घरमै बन्चरो र दाउले प्रहार गरी दमाईको हत्या गरेको स्वीकार गरेको प्रहरीले जनाएको छ । हत्या गरेपछि शवलाई घरनजिकैको रुखमा झुन्ड्याएर पछि करिब पाँच सय मिटर तल भिरपाखामा बाँकी ४ पेजमा ▸▸

## ४० वर्षपछि हत्याका दोषी पक्राउ

**विराटनगर/** मोरङमा ४० वर्षअघि भएको हत्याका दोषी तीन जना लामो समयपछि पक्राउ परेका छन् । बेलबारी नगरपालिका-४ का रामकुमार राई, बालकुमार राई र बाबुराम राईलाई प्रहरीले बुधबार राति घरबाटै पक्राउ गरेको हो । जिल्ला अदालत मोरङले २०६१ जेठ १० गते रामकुमारलाई २० वर्ष तथा बालकुमार र बाबुरामलाई जनही पाँच वर्ष कैद सजाय सुनाएको थियो। सर्वोच्च अदालतले २०६२ चैत ११ गते उक्त फैसला सदर गरे पनि उनीहरु सजाय भुक्तान नगरी फरार थिए । अदालतका अनुसार २०४३ असार १५ गते घाँस काटेको विषयमा विवाद हुँदा रामकुमारले खुकुरी प्रहार गर्दा आशाराम खवासको मृत्यु भएको थियो । घटनामा बालकुमार र बाबुरामसमेत संलग्न रहेको अदालतले ठहर गरेको थियो ।

विशेष सूचनाका आधारमा इलाका प्रहरी कार्यालय बेलबारीको टोलीले तीनै जनालाई पक्राउ गरेको हो। पक्राउपछि उनीहरूलाई अदालतमा बुझाइएको र अदालतको आदेशअनुसार कैद भुक्तानका लागि कारागार चलान गरिएको प्रहरीले जनाएको छ ।



# सम्पादकीय

## ग्यास संकटको दीर्घकालिन समाधान आवश्यक

नेपालमा खाना पकाउने ग्यासको आपूर्ति र वितरण प्रणाली लामो समयदेखि विवाद, शंका र अन्यवस्थाको घेरामा छ । बजारमा पर्याप्त ग्यास आयात भइरहेको सरकारी तथ्यांक सार्वजनिक भइरहँदा उपभोक्ताले घण्टौं लाइन बस्नुपर्ने, कालोबजारी मूल्य तिर्नुपर्ने र कृत्रिम अभावको सामना गर्नुपर्ने अवस्था दोहोरिरहनु आफैंमा गम्भीर प्रश्न हो । पछिल्लो ग्यास संकटले केवल आपूर्ति व्यवस्थापनको कमजोरी मात्र होइन, यस क्षेत्रमा वर्षौंदेखि जरा गाडेर बसेका विकृति र विसंगतिलाई पनि सतहमा ल्याएको छ ।

विगतमा पनि ग्यासको कृत्रिम अभाव, कालोबजारी र सीमित समूहको प्रभावबारे चर्चा हुँदै आएको थियो । विभिन्न सरकारले अनुगमन, नियमन र सुधारका प्रतिबद्धता जनाए पनि समस्या समाधान हुन सकेन । उपभोक्ताको हितभन्दा व्यवसायिक स्वार्थ हाबी भएको आरोप बारम्बार उठ्यो । प्राकृतिक विपत्ति, सडक अवरोध वा बाह्य कारणलाई देखाएर बजारमा अभाव सिर्जना गर्ने र त्यसबाट अतिरिक्त लाभ लिने प्रवृत्तिमाथि पनि प्रश्न उठ्दै आएको छ ।

यही सन्दर्भमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले संसदीय समितिमा ग्यास उद्योगीहरुमाथि गम्भीर आरोप लगाइन् । उनले ग्यास आपूर्ति सहज नहुनुको प्रमुख कारण उद्योगीहरुको व्यवहार भएको दाबी गर्दै उद्योगहरुको लाइसेन्स वितरण प्रक्रियामाथि समेत प्रश्न उठाइन् । मन्त्रालयका कर्मचारीहरुले समेत सहयोग नगरेको र नीतिगत सुधारमा अवरोध भएको उनको भनाइ थियो ।

मन्त्रीको अभिव्यक्तिको शैली र भाषामाथि बहस हुन सक्छ । तर उनले उठाएका प्रश्नहरुलाई केवल विवादको आवरणमा ढाकेर टार्न मिल्दैन । यदि वास्तवमै ग्यास क्षेत्रमा अनियमितता, कृत्रिम अभाव, अपारदर्शी लाइसेन्स वितरण वा सीमित समूहको प्रभाव छ भने त्यसको निष्पक्ष छानबिन हुनैपर्छ । समस्या उठाउने व्यक्तिलाई हटाएर समस्या समाधान हुँदैन ।

अब ग्याँस संकटको समाधान दिर्घकालिन रूपमा हुन आवश्यक छ । यो विषयलाई एउटा प्रणालीमा बाँधेर आम उपभोक्तालाई विना झन्झट ग्याँस उपलब्ध हुने वातावरण बनाउनुपर्दछ । नियामक निकाय र उद्यमी, व्यवसायीलाई जवाफदेही र जिम्मेवार बनाउनुपर्दछ । नत्र हिजो झैं उही कुरा धेरै काम शुन्य हुनेछ ।

दुर्भाग्यवश, मन्त्रीले ती प्रश्न सार्वजनिक गरेको भोलिपल्ट नै र ाजीनामा दिनुपर्‍यो । उद्योगीहरुको तीव्र विरोध, राजनीतिक दबाब र विवादबीच उनको बहिर्गमन भयो ।

अब मुख्य प्रश्न मन्त्रीको राजीनामा होइन, उनले उठाएका विषयको सत्यता हो । ग्यास क्षेत्रमा वास्तवमै के भइरहेको छ ? उपभोक्ता किन सधैं पीडित छन् ? बजारमा अभाव र सरकारी तथ्यांकबीच किन यति ठूलो अन्तर देखिन्छ ? यी प्रश्नको उत्तर खोज्नु राज्यको दायित्व हो । यदि मन्त्रीका आरोप निराधार छन् भने तथ्यसहित खण्डन गरिनुपर्छ, र यदि सत्य छन् भने दोषीमाथि कडा कारबाही हुनुपर्छ । ग्यास संकटले फेरि एकपटक देखाएको छ–नेपालमा समस्या भन्दा पनि समस्या उठाउने व्यक्ति बढी असुरक्षित हुने अवस्था अझै अन्त्य भएको छैन ।

ठूलो ट्याङ्कीमा
कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की
तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

गंगा ट्राभल्स एण्ड टुर्स
हाम्रा सेवाहरु:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा
Pre-Purchased fare "Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
ARE YOU GOING TO INDIA?
SPECIAL PRE PURCHASE TO INDIA
INDIGO, SPICE JET, AIR INDIA, AKASA
CASH BACK OFFER
RS. 100 -5000
9842645136
GANGA TRAVEL AND TOURS
EMAIL ID: gangatravel36@gmail.com
WHAT'S UP : 9842645136 / 023-575311
LOCATION : DAMAK 5 JHAPA BELDANGI ROAD

# सुरक्षित समाजका लागि सोच बदल्ने बेला



✍ सवरून नेसा

**अपराधको अनुसन्धान र त्यससँग सम्बन्धित सामग्री सार्वजनिक गर्ने विषयमा राज्यका निकाय तथा नागरिक दुवै जिम्मेवार हुनुपर्छ । अपराधको भिडियो मनोरञ्जनका लागि बनाइएको सामग्री होइन । पीडितको तस्वीर सामाजिक सञ्जालमा राख्न मिल्ने सामान्य सामग्री होइन । आरोपितको बयानलाई भाइरल बनाउनु न्यायिक प्रक्रियाको विकल्प होइन । विशेषगरी बालबालिकासम्बन्धी अपराधमा पीडितको पहिचान, तस्वीर, भिडियो वा अन्य संवेदनशील विवरण सार्वजनिक गर्दा त्यसले पीडितलाई थप मानसिक र सामाजिक क्षति पुर्‍याउन सक्छ ।**

केही दिनको अन्तरालमा नेपालमा घटेका दुई फरक घटनाले समाजको एउटा गम्भीर पक्षलाई फेरि सतहमा ल्याएको छ । बाराको जीतपुर-सिमरा-१ की तीन वर्षीया गरिमा चौधरी साउन ३१ गते बिहान घरबाट हराइन् । परिवारले खोजी गर्दै प्रहरीलाई जानकारी गरायो । दुई दिनपछि घरनजिकै परिचित व्यक्तिको घरमा उनको शव भेटियो । प्रहरीको प्रारम्भिक अनुसन्धानअनुसार बालिकामाथि यौन हिंसा भएपछि हत्या भएको आशंका गरिएको छ । घटनाको अनुसन्धानसँगै बालिका हराएपछि प्रहरीको प्रारम्भिक खोजी तथा प्रतिक्रियाबारे पनि परिवार, स्थानीय नागरिक र जनप्रतिनिधिबाट प्रश्न उठेका छन् । प्रहरीले भने विभिन्न सम्भावित स्थानमा खोजीका लागि टोली परिचालन गरिएको जनाएको छ ।

यही अवधिमा काठमाडौंको ठमेलमा सडकमा हिँडिरहेकी एक महिलालाई एक पुरूषले पछाडिबाट अनुचित रूपमा छोएको दृश्य सीसीटीभीमा देखियो । भदौ १६ गते भएको उक्त घटना सामाजिक सञ्जालमा सार्वजनिक भएपछि प्रहरीले आरोपितलाई पक्राउ गरेको छ । एउटा घटना तीन वर्षीया बालिकाको ज्यानै गएको गम्भीर अपराध हो भने अर्को सार्वजनिक स्थानमा भएको यौन दुर्व्यवहार । प्रकृति, उमेर र परिस्थितिका हिसाबले यी घटना फरक छन् । तर दुवैले एउटै आधारभूत प्रश्न उठाउँछन्- हामी अर्को व्यक्तिको शरीर, सुरक्षा, सम्मान र व्यक्तिगत सीमाको सम्मान गर्न किन अझै सिकिरहेका छैनौँ?

यस्ता घटना भएपछि हाम्रो पहिलो प्रतिक्रिया प्रायः एउटै हुन्छ–दोषीलाई कडा कारबाही हुनुपर्छ । निश्चित रूपमा दोषीमाथि कानुनअनुसार कारबाही हुनुपर्छ । तर प्रश्न त्यतिमै सीमित हुँदैन । अपराध भएपछि प्रहरीले अनुसन्धान गर्छ, सरकारी पक्षले मुद्दा अघि बढाउँछ र अदालतले फैसला गर्छ । तर अपराध हुनुअघि व्यक्तिको सोच, व्यवहार, पारिवारिक संस्कार, सामाजिक वातावरण र राज्यको रोकथाम प्रणालीले कस्तो भूमिका खेलिरहेको छ भन्ने प्रश्न पनि उत्तिकै महत्वपूर्ण छ ।

ठमेलको घटनामा सार्वजनिक सडकमा हिँडिरहेकी महिलामाथि अनुचित व्यवहार गर्ने व्यक्तिले क्षणभरमै उनको व्यक्तिगत सीमा उल्लङ्घन गरे । वरपर मानिस थिए, सार्वजनिक स्थान थियो र सीसीटीभी पनि थियो । तर 'कसैले देखिरहेको छ' भन्ने सम्भावित डरले पनि उनलाई अनुचित रूपमा छुने व्यक्तिलाई रोक्न सकेन । यसले कानुनको डर मात्र पर्याप्त नहुने देखाउँछ । अपराध नियन्त्रणका लागि कानुनी व्यवस्था आवश्यक छ, तर त्यससँगै सामाजिक संस्कार, व्यक्तिगत आत्मसंयम र अरूको अधिकारप्रतिको सम्मान पनि आवश्यक हुन्छ ।

बालबालिकाको सुरक्षाको प्रश्न अझ संवेदनशील छ । गरिमाको घटनाले बालबालिका हराउनु सामान्य पारिवारिक समस्या होइन भन्ने कुरा फेरि सम्झाएको छ । हराएको बालबालिका सम्भावित जोखिममा रहेको व्यक्ति हो । त्यसैले प्रहरीमा सूचना पुगेपछि प्रारम्भिक केही घण्टा अत्यन्त महत्वपूर्ण हुन सक्छन् । परिवारले शंका गरेको स्थान, नजिकका खाली घर, बाटो, सीसीटीभी, मोबाइल तथा अन्य उपलब्ध सूचनालाई तत्काल प्रयोग गर्दै खोजी अघि बढाउनु आवश्यक हुन्छ ।

बालबालिका हराएको सूचना प्रहरीका लागि एउटा सामान्य निवेदन मात्र नभई तत्काल प्रतिक्रिया आवश्यक पर्ने सुरक्षा सूचना हो । त्यसका लागि खोजीमा संलग्न प्रहरी इकाइबीच समन्वय, सम्भावित स्थानको तत्काल पहिचान, सीसीटीभी फुटेज संकलन, उपलब्ध प्राविधिक सूचनाको प्रयोग र आवश्यक परे सार्वजनिक सूचना प्रणाली सक्रिय गर्ने व्यवस्था प्रभावकारी हुनुपर्छ । हराएको बालबालिकाको खोजीमा सुरूवाती समयलाई अनुसन्धानको महत्वपूर्ण चरणका रूपमा लिनुपर्ने देखिन्छ ।

गरिमाको घटनापछि प्रहरीको प्रारम्भिक प्रतिक्रियामाथि उठेका प्रश्नको तथ्यगत छानबिन पनि उत्तिकै आवश्यक छ । प्रहरी प्रशासनले खोजी गरिएको र सम्भावित स्थानमा टोली परिचालन गरिएको जनाएको अवस्थामा वास्तविकता के थियो, सूचना प्राप्त भएपछि कुन-कुन प्रक्रिया अपनाइयो र खोजीमा के कमजोरी रह्यो भन्ने कुरा अनुसन्धानबाट स्पष्ट हुनुपर्छ । यस्तो छानबिनको उद्देश्य दोषारोपण मात्र होइन, आगामी दिनमा यस्ता घटनामा प्रहरीको प्रतिक्रिया अझ छिटो र प्रभावकारी बनाउनु पनि हुनुपर्छ ।

अपराधपछि पीडित र परिवारसँग गरिने व्यवहार अर्को महत्वपूर्ण पक्ष हो । गरिमाको घटनासँग सम्बन्धित संवेदनशील भिडियो तथा पहिचानयोग्य सामग्री सामाजिक सञ्जालमा फैलिएको विषयले पीडितको गोपनीयता र गरिमामाथि प्रश्न उठाएको छ । अनुसन्धानकै क्रममा किशोर आरोपितको बयानको भिडियो बाहिरिएपछि त्यसको गोपनीयता र कानुनी प्रक्रियाबारे प्रश्न उठे । उक्त भिडियो रेकर्ड गरेको आरोपमा एक प्रहरी हवल्दार पक्राउ परेको विषय पनि सार्वजनिक भयो ।

अपराधको अनुसन्धान र त्यससँग सम्बन्धित सामग्री सार्वजनिक गर्ने विषयमा राज्यका निकाय तथा नागरिक दुवै जिम्मेवार हुनुपर्छ । अपराधको भिडियो मनोरञ्जनका लागि बनाइएको सामग्री होइन । पीडितको तस्वीर सामाजिक सञ्जालमा राख्न मिल्ने सामान्य सामग्री होइन । आरोपितको बयानलाई भाइरल बनाउनु न्यायिक प्रक्रियाको विकल्प होइन । विशेषगरी बालबालिकासम्बन्धी अपराधमा पीडितको पहिचान, तस्वीर, भिडियो वा अन्य संवेदनशील विवरण सार्वजनिक गर्दा त्यसले पीडितलाई थप मानसिक र सामाजिक क्षति पुर्‍याउन सक्छ ।

यही कारण अपराधको समाचार र सामाजिक सञ्जाल सामग्रीबीचको सीमाबारे पनि गम्भीर बहस आवश्यक छ । घटना सार्वजनिक गर्नु र पीडितको गोपनीयता सार्वजनिक गर्नु एउटै कुरा होइन । न्यायका लागि आवश्यक सूचना र अनावश्यक रूपमा फैलाइने संवेदनशील सामग्रीबीच स्पष्ट अन्तर हुनुपर्छ ।

यौन हिंसा वा बाल हिंसा अचानक जन्मिने घटना होइनन् । यसको पछाडि व्यक्ति, परिवार र समाजमा लामो समयदेखि निर्माण भइरहेका सोच र व्यवहारको भूमिका हुन्छ । 'केटाहरूले यस्तो गर्नु सामान्य हो', 'अलिकति जिस्क्याएको मात्र हो', 'केटीले राति बाहिर निस्कनु हुँदैन', 'सानो बच्चालाई केही थाहा हुँदैन', 'घरभित्रको कुरा बाहिर लैजानु हुँदैन' जस्ता धारणा सामान्यजस्ता लागे पनि यिनले हिंसालाई सामान्यीकरण गर्न सक्छन् ।

विशेषगरी पीडितलाई दोष दिने संस्कृतिले हिंसा नियन्त्रणमा थप समस्या पैदा गर्छ । कुनै महिला सडकमा हिँडिरहेकी छिन् भने उनको शरीरमाथि कसैलाई अधिकार हुँदैन । कुनै बालिका घरबाट बाहिर निस्किएकी छिन् भने त्यसले उनलाई हिंसाको योग्य बनाउँदैन । कपडा, समय, स्थान वा व्यवहारले कसैलाई यौन हिंसाको अनुमति दिँदैन । जिम्मेवारी अपराध गर्ने व्यक्तिको हुन्छ ।

त्यसैले हिंसा रोक्ने पहिलो आधार सहमति र व्यक्तिगत सीमाको सम्मानसम्बन्धी शिक्षा हुन सक्छ । विद्यालय तहदेखि नै उमेरअनुकूल रूपमा बालबालिकालाई आफ्नो शरीरमाथि आफ्नो अधिकार हुने, अरूको शरीरलाई अनुमति बिना छुन नहुने, असहमतिलाई सम्मान गर्नुपर्ने र असहज व्यवहार भए कसरी प्रतिक्रिया दिने भन्ने विषय सिकाउन आवश्यक छ । कसैले जबर्जस्ती वा अनुचित व्यवहार गरेको देखेमा सुरक्षित रूपमा कसरी सहयोग गर्ने भन्नेबारे पनि बालबालिकालाई जानकारी दिनुपर्छ । राष्ट्रिय सभामा समेत बालबालिकालाई उमेरअनुकूल यौन तथा नैतिक शिक्षा दिनुपर्ने र बाल यौन हिंसाका मुद्दामा छिटो न्याय सुनिश्चित गर्नुपर्ने विषय उठ्दै आएको छ ।

सुरक्षाको शिक्षा छोरीलाई मात्र दिएर समाज सुरक्षित हुँदैन । हामीले छोरीलाई 'सावधान रहनू', 'एक्लै नहिँड्नू' र 'अपरिचितसँग कुरा नगर्नू' भनेर सिकाउँछौँ । तर छोरालाई अरूको शरीर र व्यक्तिगत सीमाको सम्मान गर्न, असहमति स्वीकार गर्न, जिस्क्याउने नाममा अपमान नगर्न र साथीले गलत व्यवहार गरे त्यसलाई रोक्न कति सिकाउँछौँ भन्ने प्रश्न पनि उत्तिकै महत्वपूर्ण छ ।

छोरीलाई सुरक्षित रहन सिकाउनु आवश्यक छ, तर छोरालाई सुरक्षित समाज निर्माण गर्ने जिम्मेवार नागरिक बन्न सिकाउनु पनि त्यत्तिकै आवश्यक छ । हिंसा रोकथामको जिम्मेवारीलाई केवल सम्भावित पीडितको सावधानीमा सीमित गर्दा अपराध गर्ने व्यक्तिको जिम्मेवारी ओझेलमा पर्न सक्छ ।

सार्वजनिक स्थानमा हुने दुर्व्यवहार रोक्न नागरिकको भूमिकासमेत महत्वपूर्ण हुन्छ । महिलामाथि दुर्व्यवहार भइरहेको देख्दा वरपरका मानिस तमासा हेर्ने दर्शक मात्र बन्नु हुँदैन । तर हस्तक्षेपको अर्थ सधैँ शारीरिक रूपमा भिड्नु पनि होइन । प्रहरीलाई खबर गर्ने, पीडितलाई सुरक्षित स्थानमा लैजाने, घटनाबारे जानकारी दिने, सीसीटीभी वा अन्य प्रमाण सुरक्षित राख्न सहयोग गर्ने र पीडितलाई दोष नदिने जस्ता व्यवहार पनि जिम्मेवार नागरिकको भूमिका हुन् ।

स्थानीय तहले पनि सुरक्षाका केही आधारभूत पक्षमा काम गर्न सक्छन् । जोखिमयुक्त स्थानको पहिचान, सडक तथा गल्लीमा पर्याप्त प्रकाश, सार्वजनिक स्थानमा सीसीटीभी, विद्यालय आसपास सुरक्षित वातावरण, बाल संरक्षण संयन्त्र तथा महिला र बालबालिकाका लागि स्थानीय सहायता प्रणाली निर्माण गर्न सकिन्छ । सुरक्षा केवल प्रहरीको जिम्मेवारीका रूपमा बुझ्दा रोकथामका धेरै सम्भावना छुट्न सक्छन् ।

आज एउटा मोबाइल क्यामेराले अपराधको प्रमाण सुरक्षित गर्न सक्छ । तर त्यही मोबाइलले पीडितलाई दोस्रोपटक पीडित पनि बनाउन सक्छ । कुनै घटना देखेपछि तुरून्त भिडियो शेयर गर्नुअघि त्यसले न्यायमा सहयोग गर्छ कि पीडितको पीडा बढाउँछ, प्रमाण सुरक्षित गर्छ कि त्यसलाई जोखिममा पार्छ र कसैको गोपनीयता उल्लङ्घन गर्छ कि गर्दैन भन्ने सोच्न आवश्यक छ । सामाजिक सञ्जालमा भाइरल हुनु र न्याय हुनु एउटै कुरा होइन ।

गरिमाको घटनापछि मृत्युदण्डसम्मको माग उठ्यो । तर नेपालको संविधानले मृत्युदण्ड निषेध गरेको छ र विद्यमान कानुनले बलात्कारपछि हत्या जस्ता गम्भीर अपराधमा जीवनभरको कैदसम्मको व्यवस्था गरेको छ । त्यसैले बहस केवल 'सजाय अझ कडा बनाउने कि नबनाउने' भन्ने प्रश्नमा सीमित हुनु पर्याप्त हुँदैन ।

मुख्य प्रश्न अपराधी समयमै पक्राउ पर्छ कि पर्दैन, प्रमाण वैज्ञानिक रूपमा संकलन हुन्छ कि हुँदैन, अनुसन्धान निष्पक्ष हुन्छ कि हुँदैन, मुद्दा समयमै अदालत पुग्छ कि पुग्दैन र पीडित तथा परिवारले न्याय पाउँछन् कि पाउँदैनन् भन्ने हो । कानुनमा कडा सजाय लेखेर मात्र अपराध घट्दैन । कानुनको निश्चित, छिटो र निष्पक्ष कार्यान्वयनले अपराध गर्ने व्यक्तिमा वास्तविक निरूत्साहन पैदा गर्न सक्छ ।

अन्ततः प्रश्न 'गरिमा कहाँ थिइन् ?' भन्ने मात्र होइन । उनी हराएपछि उनलाई सुरक्षित रूपमा खोज्न हाम्रो प्रणाली कहाँ थियो भन्ने पनि हो । त्यसैगरी ठमेलको सडकमा महिलामाथि अनुचित व्यवहार हुँदा प्रश्न त्यो व्यक्ति को थियो भन्ने मात्र होइन, त्यहाँ उपस्थित समाजले कस्तो प्रतिक्रिया दियो भन्ने पनि हो ।

हामीले छोरीलाई सुरक्षित रहन हजारौँ नियम सिकाएका छौँ । अब छोरालाई अरूको सम्मान गर्न र व्यक्तिगत सीमा नाघ्न नहुने कुरा सिकाउने समय आएको छ । हामीले महिलालाई सावधान रहन भन्दै आएका छौँ । अब पुरूषलाई जिम्मेवार बन्न सिकाउनुपर्छ । पीडितलाई चुप लाग्न सिकाउने होइन, गलत देख्दा समाजले बोल्न सक्ने वातावरण बनाउनुपर्छ ।

हराएको बालबालिका केवल एउटा परिवारको समस्या होइन । सार्वजनिक सडकमा हुने यौन दुर्व्यवहार केवल एक महिलाको समस्या पनि होइन । यस्ता घटनाले समाजको सुरक्षा, संस्कार र शासन प्रणालीको परीक्षा लिन्छन् ।

हिंसा रोक्ने जिम्मेवारी प्रहरी, अदालत वा सरकारको मात्र होइन । घरबाट संस्कार, विद्यालयबाट शिक्षा, समुदायबाट निगरानी, राज्यबाट तत्काल प्रतिक्रिया र नागरिकबाट जिम्मेवार व्यवहार-यी सबै पक्ष जोडिएपछि मात्र सुरक्षित समाज निर्माण गर्न सकिन्छ ।

गरिमा जस्ता बालबालिकाले सुरक्षित बाल्यकाल पाउनु र ठमेलका सडकमा हिँड्ने कुनै महिलाले आफ्नो शरीर तथा सम्मानका लागि डराउनु नपर्नु नै सामाजिक प्रगतिको वास्तविक मापदण्ड हुनुपर्छ ।

(लेखिका जनस्वास्थ्य अधिकृत हुन् ।)
- उद्‌घोष

# नेपाली साहित्यका नक्षत्र युवाकवि मोतीराम भट्ट

दमक । नेपाली साहित्यका युवाकवि एवं राष्ट्रिय विभूति मोतीराम भट्टको १६१औं जन्मजयन्तीका अवसरमा देशभरका साहित्यिक मनहरूले एक साथ विभिन्न कार्यक्रमसहित मनाएका छन् । नेपाली साहित्यको इतिहासमा मोतीराम भट्टको नाम एउटा यस्तो प्रतिभाका रूपमा स्थापित छ, जसले छोटो जीवनमा नेपाली भाषा, साहित्य र साहित्यिक पत्रकारितामा दीर्घकालीन प्रभाव छाडे । उनी केवल कवि थिएनन्, साहित्यका खोजकर्ता, सम्पादक, जीवनीकार, प्रकाशक र नेपाली साहित्यलाई नयाँ बाटोतर्फ डोर्‍याउने जागरूक युवास्रष्टा पनि थिए ।

मोतीराम भट्टको जन्म वि.सं. १९२३ साल भदौ २५ गते काठमाडौंमा भएको थियो । उनको जीवनकाल लामो थिएन । केवल ३० वर्षको आसपासको उमेरमै उनको निधन भयो । तर छोटो जीवनमै उनले नेपाली साहित्यमा पुर्‍याएको योगदानका कारण उनी आज पनि उत्तिकै स्मरणीय छन् । उमेरले युवा भए पनि साहित्यप्रतिको उनको चेतना र सक्रियता आ ँनो समयका लागि निकै अगाडि थियो ।

मोतीरामको सबैभन्दा महत्वपूर्ण योगदानमध्ये आदिकवि भानुभक्त आचार्यको कृतित्वलाई खोजी, संरक्षण, प्रकाशन र प्रचार गर्नु हो । भानुभक्तका रचनालाई नेपाली समाजमा व्यापक रूपमा चिनाउन मोतीरामले महत्वपूर्ण भूमिका खेले । उनले भानुभक्तको जीवनी लेख्नुका साथै उनका रचनालाई संकलन र प्रकाशन गर्ने काम गरे । यसबाट भानुभक्तलाई नेपाली साहित्यका आदिकविका रूपमा स्थापित गर्न महत्वपूर्ण आधार तयार भयो । त्यसैले भानुभक्तको साहित्यिक पहिचानको निर्माणमा मोतीरामको योगदानलाई अलग गरेर हेर्न सकिँदैन ।

मोतीराम आफैं पनि प्रभावशाली कवि थिए । विशेषगरी नेपाली साहित्यमा गजलको प्रवेश र विकाससँग उनको नाम जोडिन्छ । प्रेम, प्रकृति, भावना र मानवीय संवेदनालाई सरल र मधुर भाषामा अभिव्यक्त गर्ने उनको शैलीले नेपाली कवितालाई नयाँ स्वाद दियो । त्यसबेला नेपाली साहित्यमा संस्कृतनिष्ठ र परम्परागत लेखनको प्रभाव बलियो रहेको अवस्थामा उनले जनजीवनसँग नजिकको भाषिक अभिव्यक्तिलाई पनि महत्व दिए ।

उनको साहित्यिक योगदान कविता लेखनमा मात्र सीमित थिएन । नेपाली भाषामा साहित्यिक कृति प्रकाशन गर्ने, साहित्यकारका कृतिको खोजी गर्ने र साहित्यिक गतिविधिलाई संगठित गर्ने काममा पनि उनी सक्रिय रहे । यस अर्थमा मोतीरामलाई नेपाली साहित्यको आधुनिक युग निर्माणका प्रारम्भिक अभियन्तामध्ये एकका रूपमा लिन सकिन्छ ।



मोतीरामको जीवन आजको पुस्ताका लागि पनि उत्तिकै प्रेरणादायी छ । उनले साहित्यलाई केवल व्यक्तिगत अभिव्यक्तिको माध्यम बनाएनन् । भाषा र साहित्यको संरक्षण, प्रचार र विकासलाई आ ँनो जिम्मेवारीका रूपमा लिए । युवावस्थामै साहित्यप्रतिको यस्तो गहिरो समर्पण देखाउनु उनको सबैभन्दा ठूलो विशेषता हो ।

आज नेपाली साहित्यका लागि प्रविधिले अभिव्यक्तिका अनेकौँ नयाँ माध्यम उपलब्ध गराएको छ । पुस्तकसँगै डिजिटल माध्यम, सामाजिक सञ्जाल, अनलाइन प्रकाशन र विभिन्न सञ्चार माध्यमले नयाँ पुस्तालाई आ ँना सिर्जना पाठकसम्म पुर्‍याउने अवसर दिएका छन् । तर माध्यम फेरिए पनि साहित्यको मूल उद्देश्य र जिम्मेवारी बदलिएको छैन । समाजलाई बुझ्ने, समयको आवाजलाई अभिव्यक्त गर्ने, भाषालाई समृद्ध बनाउने र मानवीय संवेदनालाई जीवित राख्ने काम साहित्यको आधारभूत जिम्मेवारी हो ।

मोतीरामको जन्मजयन्ती मनाउनु उनको तस्वीरमा माल्यार्पण गर्नु वा उनको योगदानको औपचारिक चर्चा गर्नुमा मात्र सीमित हुनु हुँदैन । उनको जीवनबाट युवापुस्ताले सिर्जनशीलता, अध्ययन, खोज, भाषाप्रतिको प्रेम र आ ँनो समयप्रतिको जिम्मेवारी सिक्न सक्नुपर्छ । छोटो जीवनमा उनले नेपाली साहित्यलाई दिएको ऊर्जा आज पनि उत्तिकै सान्दर्भिक छ ।

# पाँच दिनमै बन्यो बाढीले भत्काएको पुल फर्कियो आवागमन



नुवाकोट । भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीले देवीघाटस्थित तादी खोलाको पुल भत्काएपछि विदुर र बेलकोटगढी नगरपालिकाबीचको आवागमन मात्रै रोकिएको थिएन, नुवाकोट हुँदै धादिङ, रसुवा र रसुवागढीसम्म जोडिने सडक सम्पर्कसमेत प्रभावित बनेको थियो । बाढीले थलिएको सडकमा यात्रु र सवारीसाधनले लामो तथा घुमाउरो बाटोको सास्ती खेपिरहेका बेला नेपाली सेनाले पाँच दिनमै अस्थायी पुल निर्माण गरेर आवागमन पुनः सहज बनाएको छ ।

बाढीले क्षति पुर्‍याएको पुरानो संरचनामाथि नेपाली सेनाले रणनीतिक जगेडामा राखिएको ५७.९ मिटर लामो एक्रोब्रिज जडान गरेको हो । १४ नं बाहिनी अयाअन्तर्गतको ब्रिजिङ युनिट परिचालन गरी सेनाले दिनरात काम गरेपछि पुल निर्माण सम्पन्न भएको हो । बिहीबार बेलुकादेखि पुलबाट सबै प्रकारका सवारीसाधन सञ्चालनमा आएका छन् ।

पुल सञ्चालनमा आएपछि दैनिक आवतजावत गर्ने स्थानीयका लागि लामो बाटोको बाध्यता हटेको छ । बेलकोटगढी-८ जिलिङका सौगात पुडासैनीका लागि छोटो समयमै पुल बन्नु ठूलो राहत बनेको छ । "पुल बनेपछि आवतजावत सहज भएको छ," उनले भने । सोही वडाका ढुङ्गानेगाउँका मनोज तामाङले पनि घर आउजाउ गर्न सहज भएको बताए ।

नेपाली सेनाका रथी रञ्जित थापाका अनुसार पुल निर्माणमा ५५ जना प्राविधिक परिचालन भएका थिए । भदौ २० गतेबाट सुरू भएको निर्माणकार्य ७२ घण्टाभन्दा बढी समय नलागी सम्पन्न भएको हो । प्राविधिक परीक्षणपछि पुल सञ्चालनमा ल्याइएको सेनाले जनाएको छ ।

गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुबेँसी-रसुवागढी सडक योजनाका प्रमुख कृष्णनाथ ओझाका अनुसार बाढीले भत्काएको ५५ मिटर लामो बक्स गर्डर पुलको संरचनामै एक्रोब्रिज जडान गरिएकाले निर्माण कार्य छिटो सम्पन्न गर्न सहज भएको हो ।

अमेरिकी प्रविधिमा आधारित उक्त एक्रोब्रिजको भारवहन क्षमता ६० टन रहेको नेपाली सेनाका प्रमुख सेनानी करूणबहादुर थापाले बताए । सडकको रातमाटे क्षेत्रमा भइरहेको कटिङको कामसमेत शुक्रबारसम्म सम्पन्न गरी सडकलाई पूर्ण रूपमा सञ्चालनमा ल्याउने तयारी छ ।

## लघुकथा

# चरित्र



✍ डिल्लीप्रसाद अधिकारी

गान्धी बजारमा अचानक, डुल्दै गरेको मलाई, कसैले पछाडिबाट कठालोमा पक्रेर झल्ट्याङ-झुल्टुङ् पारेपछि मैले पनि पछाडि फर्केर तत्क्षण उसलाई रन्फनिने गरि झापड हाने अनि मात्रै वस्तु स्थितिमा दृष्टि घुमाउदा थाहा पाएँ उ त अपरिचित कुनै स्त्री थिइ ।

" किन मलाई सासूलाई मानसिक यातना दिने भनेर लेखिस् हँ?- "तलाईँ के थाहा छ म सासूलाई कति माया गर्छु भनेर?" रिसले काम्दै उसले यसो भनेपछि म छक्क परेँ ।

" म तपाईँलाई चिन्दै चिन्दिन भने म तपाईँबारे त्यस्तो कुरा कसरी भन्छु होला, अनि किन?"- भन्दै थिएँ, भीड जम्मा भइहाल्यो ।

"भनेको होइन । तैँले त लेखेको पो छ त"

"कुनै कथामा वा कुनै कवितामा?" सोधेँ एउटा लेखक हुनुको हैसियतमा ।

" अँ, मेरो विषयमा फेसबुकमा, ह्वाट्सएपमा त्यस्तो लेख्ने हो?"-भन्दै मतिर झम्टिएकी उसलाई अहिले भने भीडका केही महिलाले तानेकाले म बाँचे ।

" बहिनी! तिमीलाई मैले दोष्याएको होइन । त्यो त कथा परो त"-र अझै भनेँ -"मैले कथा लेखेको हूँ । अब त्यो तिमीसँग, तिम्रो जीवनसँग, तिम्रो प्रवृत्तिसँग त्यो मिल्नु त खालि एउटा संयोग मात्रै हो" ।

उ कड्की" थाहा छ मलाई पनि, साहित्य समाजकरूो दर्पण हो । अनि त्यसरी मलाई लेख्ने ?"

अझै पनि म नम्र नै थिएँ र भने- " कि त्यसो भए मेरो त्यो रचनाको पात्र तिमी नै हौ? त्यो नकारात्मक प्रवृत्ति भएका समाजमा अरू छैनन् त ? अनि त्यसो भए तिमीले पनि सासूलाई मानसिक यातना दिने गरेकी छौ?" - सोध्दै थिएँ त्यसैबेला महिला अधिकार कर्मी पुलिस समेत लिएर आए । एउटी नारीलाई थप्पड हानेको अपराधमा मलाई पुलिसले हिरासतमा लिए । मेरो कुरा कसैले नसुन्नु स्वाभाविक नै हो । किनभने मैले एक महिलालाई अचानकै झापड हानेको थिएँ ।

थानामा मैले बयान दिएपनि अहिले म हिरासतमा छु । भोलि न्यायालयमा मलाई फेरि आफ्नो सफाइ दिनुपर्ने छ । मरू अहिले रातको चकमन्नतामा एउटै कुरा न्यायाधीशलाई बिन्ती गर्ने सोचिरहेको छु कि अब कवि/लेखकलाई पनि सरकारले सुरक्षा दिनुपर्नेछ । देशमा साहित्यकार असुरक्षित छन् आफैँले कल्पेका चरित्रहरूबाट । *रिनाक, सिक्किम*

## पुस्तक-साभार

# राजनीतिसँगै राजकाज-कल्याणकारी लोकतन्त्रको प्रस्ताव



✍ रविन्द्र मिश्र

# कुटीमा फुलेको अमर फूल

गतांकबाट ... त्यसैबीच ०४६ सालमा प्रजातन्त्र पुनःस्थापना भयो । बुबा बारम्बार भन्ने गर्नुहुन्थ्यो, बौद्धबाट मेरी श्रीमतीले किनेर ल्याएको सागको पातपातमा राजनीतिको लेस हुन्छ । त्यसैले राजनीतिबाट कोही पनि टाढा हुन सक्दैन । राजनीतिले सबैलाई छोए पनि, त्यो विचार र आस्थामा अभिव्यक्त भए पनि राजनीति सबैले गर्नुहुँदैन भन्ने उहाँको मान्यता थियो । उहाँ भन्नुन्थ्यो, एउटा क्यानभासमा सबैले चित्र कोर्न थाले भने त्यो सुन्दर होइन, कुरूप कला बन्छ । त्यसैले कलाकारले राजनीति अनुभूत गर्ने हो, अभ्यास गर्ने होइन । ०४६ सालको परिवर्तनपछि साहित्य, कला, सङ्गीतलगायत समाजका हरेक क्षेत्र जसरी राजनीतीकरण हुन थाले, त्यसबाट बुबाको दिक्दारी बढेर गएको थियो । त्यसपछि उहाँले विश्वविद्यालयको प्राध्यापन पेसाबाट राजीनामा दिनुभयो, जग्गा बेचेर बनाएको हर्मिताज कलाकुटीलाई जीवन निर्वाहका लागि भाडामा दिनुभयो । र आ ̂ नो पुरानो घर परिसरमै हर्मिताज कलाकुटी स्थापना गरेर गुप्तवास बस्ने निर्णय लिनुभयो ।

बुबाले बेलाबेला भन्नुहुन्थ्यो, 'एउटै क्यानभासमा १० जनाले रङ पोत्ने व्यवस्था अन्त्य नभएसम्म म घरबाट बाहिर निस्कन्नँ। त्यसैबाट प्रस्ट हुन्छ, उहाँ कट्टर राजतन्त्रवादी र अझ खासगरी महेन्द्रवादी हुनुहुन्थ्यो । तर कैयौ राजतन्त्रवादी जस्तो उहाँ चाकडीवादी कहिल्यै हुनुभएन । राजा वीरेन्द्रको राज्याभिषेकका अवसरमा देशमा आमन्त्रित विदेशी सरकार र राष्ट्रप्रमुखलाई प्रदर्शन गर्न दशरथ रङ्गशालामा ४० फिट चौडा र दुई सय ५० फिट लम्बाइको राजारानीको विशाल र कठिन तेलचित्र बनाएबाट राजा वीरेन्द्र बुबासँग अत्यन्त प्रभावित भएको मैले सुनेको थिएँ। नेपाल ललितकला संस्थामा राजा वीरेन्द्र नेतृत्वको कार्यकारिणी समितिमा बुबा पनि सदस्य हुनुहुन्थ्यो । तिनैको प्रभावस्वरूप होला, एक दिन उहाँलाई दरबारबाट फोन आएछ, 'श्रुति सरकारलाई कला सिकाउन वीरेन्द्र सरकारबाट यहाँलाई बोलावट भएको छ । एक पटक दरबार आइदिनुपयो। बुबाले जवाफ दिनुभएछ, सरकारलाई बिन्ती चढाइदिनू, म त गुफावासी मान्छे । मेरो कुटीमै श्रुति सरकार सवारी हुने भए त खुसीसाथ सिकाउन तयार छु । तर कुटीबाट निस्किएर दरबार आउन चाहिँ असमर्थ छु ।'

भवितव्यले सम्पन्नताबाट सानै उमेरमा झार्नुसम्म झारेर अत्यन्तै विपन्नताबाट बिस्तारै उठेको भए पनि र धेरै पछिसम्म घर चलाउन धौधौ भए पनि बुबा र काकाका इमानदारी एवम् स्वाभिमानका कैयौ यस्ता कथा छन्, जसको गहिरो छाप ममा परेको छ। इमानको खडेरी परेको यो समाजमा तिनका फेहरिस्त कुनै दिन लेख्न सके भने खुसी हुनेछु । आज यति भनौ, मनले खाएको कुनैकुनै अवस्थामा देशभित्र र बाहिरका एकाध कार्यक्रममा सामेल हुने र कतैकतै घुम्नेबाहेक झन्डै तीन दशक बुबाले मानसम्मान, पद र पैसाको कुनै लोभलालचबिना आ ̂ नो सानो संसारमा चराचुरूङ्गी, रूखपात, रङ र मसीसँग खेल्दै जसरी जिन्दगी गुजार्नुभयो, त्यो सामान्य मान्छेबाट सम्भव छैन ।

यतिसम्म कि आ ̂ नै घरबाट मोटरमा १० मिनेट पर तारागाउँ म्युजियममा बुबाको जीवनी हर्मिताज अढाई दशक गुफामा सत्यमोहन जोशी र डा. तारानाथ शर्मा जस्ता हस्तीहरूले विमोचन गर्दा बुबा जानुभएन । त्यसअघि, बुबाको कला र व्यक्तित्व समेटिएको र प्रतिष्ठित आर्ट क्युरेटर सङ्गीता थापाले लेखेको अङ्ग्रेजी पुस्तक इन द आई अफ दी स्टर्म काठमाडौंकै बबरमहल रिभिजिटेडमा विमोचन हुँदा पनि बुबा जानुभएन । उहाँलाई दिइएको पुरस्कार र सम्मान पनि अपवादबाहेक आयोजकहरू घरमै पुर्‍याउन जान्थे । उहाँ भन्ने गर्नुहुन्थ्यो, "बाहिर गएर कलाकारले राजनीति गर्नु, राजनीतिक नियुक्ति खोज्नु या त्यसैको मोहमा कला, साहित्यको कुनै सम्मान नै नगर्ने राजनीतिज्ञको भाषण सुनेर ताली बजाउनुभन्दा मेरो बगैंचाको एउटा फूलमा पानी हाल्नु बढी उपलब्धिमूलक हुन्छ । उहाँले त्यसै गर्नुभयो । सुन्दा पनि कतिपयलाई अचम्म लाग्ला, रूखैरूखले भरिएको बगैचामा बुबाले हातमा चारा राखेर आ आ भनेपछि जङ्गली ढुकुर र भँगेराहरू हातमा बस्थे र चारा खान्थे। तिनै चराचुरूङ्गी, रूखपात, रङ र मसीसँग खेल्दै बुबाले डेढ दर्जनभन्दा बढी निबन्धात्मक पुस्तक लेख्नुभयो । हजारौको सत्त्यामा कलाकृतिहरू बनाउनुभयो, जुन नेपाललगायत संसारका विभिन्न देशका कला सङ्ग्रहकर्ताहरूकहाँ छरिएका छन् । क्रमशः...

## महान भनाईहरू

१. महान सौन्दर्य, अत्याधिक ताकत, धेरै धन वास्तवमा कुनै उपयोगी छैन । एक सच्चा हृदय सबैभन्दा श्रेष्ठ छन् । बेन्जामिन फ्रेंकलिन

२. एक मूर्ख आफुलाई बुद्धिमन सम्झन्छन् । तर बुद्धिमान व्यक्ति आफुलाई मुर्ख सम्झन्छन् । विलियम शेक्सपियर

३. विश्वास त्यो शक्ति हो, जसले उजाडिएको दुनियमा प्रकाश ल्याउन सक्छ । हेलेन केलर

१४ सन्तुलित मन बराबर कुनै तपस्य छैन । सन्तोष बराबर कुनै खुसी छैन । लोभ बराबार कुनै बिराम छैन । दया बराबर कुनै सदाचार छैन । चाणक्य

५. अस्वस्थ्यकर जीवन जीवन होइन, बस पीडाको एक स्थिति हो । गौतम बुद्ध

२०. आफ्नो सपनालाई साकार बनाउने सर्वश्रेष्ठ तरिका हो, तिमी जाग । पल वैलेर






## स्वास्थ्य

# बाढी प्रभावित क्षेत्रमा २५ जना झापापखालाका बिरामी



दमक । रसुवाको भोटेकोशी र त्रिशूली नदीमा गत भदौ १० गते आएको बाढीबाट प्रभावित क्षेत्रबाट उद्धार गरी होल्डिङ सेन्टरमा राखिएका २५ जनामा झाडापखालाको समस्या देखिएको छ ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका सचिव डा. विकास देवकोटाले शुक्रबार सिंहदरबारमा बसेको प्रतिनिधि सभा अन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठकमा उक्त जानकारी दिएका हुन् ।

उनका अनुसार बाढीबाट रसुवा, नुवाकोट र धादिङलगायत जिल्लाका करिब डेढ लाख नागरिक प्रत्यक्ष प्रभावित भएको प्रारम्भिक अनुमान गरिएको छ । प्रदेश सरकार तथा विभिन्न सरकारी संयन्त्रमार्फत संकलन गरिएको तथ्यांकका आधारमा प्रभावित जनसंख्याको प्रारम्भिक आँकलन गरिएको मन्त्रालयले जनाएको छ ।

सचिव देवकोटाले हालसम्म बाढी प्रभावित क्षेत्रमा अन्य गम्भीर स्वास्थ्य समस्या वा संक्रमणजन्य रोगको व्यापक प्रकोप नदेखिएको बताए ।

उनले बाढी तथा विपद्बाट स्वास्थ्य क्षेत्रमा महत्वपूर्ण पाठ सिकिएको उल्लेख गर्दै आगामी दिनमा निर्माण हुने स्वास्थ्य तथा अन्य संरचना जलवायु अनुकूल बनाउनुपर्ने आवश्यकता औँल्याए । भौगोलिक अवस्था र स्थानीय तापक्रमलाई समेत ध्यानमा राखेर संरचना निर्माण गर्नुपर्ने उनको भनाइ थियो ।

पुनर्स्थापना तथा पुनर्निर्माणका लागि 'क्लाइमेट रेजिलेन्स स्ट्रक्चर'को अवधारणाअनुसार योजना तयार पार्ने काम भइरहेको जानकारी दिँदै उनले आवास तथा अन्य संरचना निर्माण गर्दा स्वास्थ्य सेवाको पहुँचलाई पनि महत्वपूर्ण आधार बनाउनुपर्ने बताए ।

उनका अनुसार संरचना निर्माण गर्दा नजिक उपलब्ध स्वास्थ्य संस्थाको अवस्था तथा सेवा-सुविधालाई समेत ध्यान दिन आवश्यक छ । मन्त्रालयले यससम्बन्धी दीर्घकालीन मास्टरप्लान तयार गरिरहेको र योजना पूरा भएपछि संसदीय समितिमा प्रस्तुत गर्ने तयारी गरेको छ ।

## मनोरञ्जन

# प्रज्ञा प्रतिष्ठानको सांगीतिक कोसेली बाढीको पीडामा एकजुट हुन आह्वान




नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले रसुवा भोटेकोशी बाढीले गरेको अकल्पनीय जनधन र पूर्वाधार क्षतिको पीडामा एकजुट हुन आह्वान गीत निर्मान गरेको छ । गीतमार्फत बाढीका कारण आफन्त जन गुमाएका, उठिबास भएका एवं परिवारजन बेपत्ता भएकाहरूको दुःख र पीडामा सहानुभूति दर्साउँदै उद्धार र सहयोगमा हातेमालो गर्न आह्वान गरिएको छ ।

गीतको बोल 'आऊ बढाऔँ हात...' रहेको छ । कुलपति ब्रजेश खनालद्वारा रचिएको गीतमा नेपालका अग्रजदेखि नयाँ पुस्ताका उदीयमान गायक गायिकाहरूले निःशुल्क स्वराङ्कन गरेका छन् ।


गीतमा प्रज्ञा-प्रतिष्ठानका उपकुलपति झुमा लिम्बू, प्राज्ञ परिषद् सदस्य रेखा शाह र प्राज्ञ रामा मण्डलसँगै प्रसिद्ध कलाकारहरु मदनकृष्ण श्रेष्ठ, यम बराल, देविका वन्दना, सारिका घिमिरे, सुमित खड्का, मनीषा पोखरेल, सान्वी यादव, प्राश्ना शाक्य, लक्ष्मी पराजुली तथा अनु चौधरीको स्वर, सदस्यसचिव भूपेन्द्र रायमाझीको सङ्गीत र फणीन्द्र राईको सङ्गीत संयोजन रहेको छ । प्रज्ञा-प्रतिष्ठानले उक्त आह्वान गीतका सम्पूर्ण कलाकार, प्राविधिक, वाद्यवादक तथा रेकर्डिङ स्टुडियोहरूलाई स्वतस्स्फूर्त र निःशुल्क योगदानको लागि आभार समेत व्यक्त गरेको छ ।

यस गीतको श्रव्यदृश्य प्रचारप्रसारबाट प्राप्त हुने सम्पूर्ण आम्दानी प्रधानमन्त्री राहत कोषमा जम्मा हुने पनि कुलपति खनालले जानकारी दिए ।

## दैनिक राशिफल



आज मिति २०८३ साल भदौ २७ गते शनिबार 12 Sept. 2026 तिथि: प्रतिपदा



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना: क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | मावलीको सहयोग । २ बजेपछि आम्दानी बढ्ने । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | दिन सामान्य रहने । अपरान्हबाट कार्यमा सफलता । |
| मिथुन | का कि कु घ ङ छ के को हा | पारिवारिक जमघट । व्यापारबाट लाभ । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | पुरूषार्थले धन लाभ । आफन्तबाट सहयोग । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | शिक्षामा रूचि । सन्तानको सहयोग । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | लेनदेनमा सफल । किराना पसलबाट लाभ । |
| तुला | रा री रु रे रो ता ती तु ते | कम्मरमा केही समस्या । कार्यमा निकै खट्नु पर्ला । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | व्यवसायमा फाइदा । छिमेकीको सहयोग । |
| धनु | य यो भा भी भ धा फा ढ भे | समाजको सहयोग । व्यापारबाट धन लाभ । |
| मकर | भो जा जी खि खू खे खो गा गी | धार्मिक कार्यमा सरिक । राज्य पक्षको सहयोग । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | सामान जोड्ने दिन । खुट्टामा समस्या । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | मित्रबाट सहयोग । कार्यमा सफलता । |

# डा. शर्माले गरिब, असहाय हजार बढीको निःशुल्क शल्यक्रिया गर्ने घोषणा



**काठमाडौं/** नेपाली कांग्रेसका नेता तथा काठमाडौं मेडिकल कलेज (केएमसी) का सञ्चालक डा. सुनीलकुमार शर्माले यस वर्ष गरिब, असहाय तथा उपचारको पहुँचबाट वञ्चित १ हजार बिरामीको निःशुल्क शल्यक्रिया गर्ने घोषणा गरेका छन् । गिरिजाप्रसाद कोइराला फाउन्डेसनको सभापतिको जिम्मेवारी सम्हालेपछि शुक्रबार शर्माले सामाजिक सञ्जालमार्फत् केएमसी दुवाकोट र नोबेल मेडिकल कलेजबाट ती बिरामीको निःशुल्क शल्यक्रिया गर्ने घोषणा गरेका हुन् ।

उनले फाउन्डेसनको नेतृत्वलाई आफूले केवल पदका रूपमा नभई ठूलो दायित्व र भावनात्मक जिम्मेवारीका रूपमा लिएको बताएका छन्। स्वर्गीय गिरिजाप्रसाद कोइरालाको नाम र आदर्शसँग जोडिएको संस्थालाई जनसेवा, लोकतन्त्र तथा सामाजिक उत्तरदायित्वको प्रभावकारी माध्यम बनाउने आफ्नो संकल्प रहेको उनले उल्लेख गरेका छन् ।

'सेवाप्रतिको यही प्रतिबद्धतालाई व्यवहारमा उतार्दै यस वर्ष ५ऋ दुवाकोट र नोबेल मेडिकल कलेजमार्फत १,००० जना गरिब, असहाय तथा उपचारको पहुँचबाट वञ्चित बिरामीको निःशुल्क शल्यक्रिया गर्ने घोषणा गर्दछु,' शर्माले सामाजिक सञ्जालमा लेखेका छन् । फाउन्डेसनको सभापतिको जिम्मेवारी प्रदान गरेकोमा उनले फाउन्डेसन परिवारप्रति आभार व्यक्त गरेका छन्। साथै, निवर्तमान सभापति सुजाता कोइरालालाई धन्यवाद दिँदै नेतृत्व हस्तान्तरण कार्यक्रममा प्रमुख अतिथिका रूपमा सहभागी नेपाली कांग्रेसका सभापति गगनकुमार थापाप्रति पनि उनले कृतज्ञता व्यक्त गरेका छन् ।

शर्माले स्वर्गीय गिरिजाप्रसाद कोइरालालाई आफ्नो 'पितातुल्य राजनीतिक अभिभावक'का रूपमा स्मरण गरेका छन्। कोइरालाको नाम र आदर्शसँग जोडिएको संस्थाको नेतृत्व गर्न पाउनु आफ्ना लागि भावनात्मक क्षण भएको उनले बताएका छन् ।

# विराटनगर महानगरको एक करोड सहयोग

**मोरङ/** भोटेकोशी बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत, उपचार तथा पुनःस्थापनाका लागि विराटनगर महानगरपालिकाले एक करोड एक हजार रूपैयाँ सहयोग गरेको छ। महानगरपालिकाले जनप्रतिनिधि, कर्मचारी तथा सामुदायिक विद्यालयका शिक्षक-कर्मचारीको पारिश्रमिकबाट रकम कटौती गर्नुका साथै विपद् व्यवस्थापन कोषबाट रकम व्यवस्थापन गरी बाढीपीडितका लागि सहयोग जुटाएको हो ।

सोमबार महानगरका प्रमुख प्रशासकीय अधिकृत विजयकुमार शर्मामार्फत मेयर नागेश कोइरालाले अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई एक करोड एक हजार रूपैयाँको चेक हस्तान्तरण गरेका हुन् । मेयर कोइरालाले प्राकृतिक विपद्का कारण घर, सम्पत्ति र जीवनयापनको आधार गुमाएका नागरिकको पीडा साझा राष्ट्रिय पीडा भएको बताए। बाढीपीडितलाई सहयोग गर्न सबै नेपाली एकजुट हुनुपर्ने उनको भनाइ छ ।

महानगरका अनुसार विपद् व्यवस्थापन कोषबाट मात्रै ११ लाख रूपैयाँ उपलब्ध गराइएको छ। राहत रकम जुटाउन मेयर कोइरालाले आ`नो दुई महिनाको सेवा-सुविधा तथा उपमेयर शिल्पा निराला कार्कीले एक महिनाको सेवा-सुविधा उपलब्ध गराएका छन्।

त्यसैगरी, १९ वटै वडाध्यक्षको सात दिनको सेवा-सुविधा राहत कोषमा जम्मा गरिएको छ। महानगरका सहसचिव र उपसचिव तहका कर्मचारीको १० दिन, अधिकृत तहका कर्मचारीको सात दिन तथा सहायक तहका कर्मचारीको तीन दिनको पारिश्रमिक कटौती गरिएको महानगरले जनाएको छ । महानगरले विपद्का बेला जनप्रतिनिधि र कर्मचारीको पारिश्रमिकबाट समेत योगदान जुटाएर बाढीपीडितको राहत तथा पुनःस्थापनामा सहयोग गरेको हो ।

***बाढीपीडितका....***'केही विद्यालयले अझै रकम दिने प्रतिबद्धता जनाएका छन् । त्यसबाट थप रकम संकलन गरी एक करोड रुपैयाँ पुऱ्याएर हस्तान्तरण गर्नेछौं,' कार्कीले भने ।

उनले विपद्का बेला निजी विद्यालय क्षेत्रले सामाजिक उत्तरदायित्वअन्तर्गत राहत अभियानमा सहभागिता जनाएको बताए । बाढी प्रभावित परिवारलाई तत्काल राहतसँगै पुनःस्थापनाका लागि सहयोग आवश्यक रहेकाले विद्यालय परिवारलाई अभियानमा जोडिएको उनको भनाइ छ । रकम ग्रहण गर्दै प्याब्सनका केन्द्रीय सल्लाहकार नारायणप्रसाद घिमिरेले शैक्षिक क्षेत्रबाट भएको सहयोगले सामाजिक उत्तरदायित्वको उदाहरण प्रस्तुत गरेको बताए। केन्द्रीय समितिले रकम राहत कार्यमा परिचालनका लागि आवश्यक समन्वय गर्ने उनले जानकारी दिए ।

### पूर्वाञ्चल मन्टेश्वरीको सहयोग

दमक ८ स्थित पूर्वाञ्चल मन्टेश्वरी इङ्लिस स्कुलले भोटेकोशी बाढी प्रभावित तथा पीडित परिवारको राहत तथा पुर्नास्थापनाका लागि ४४ हजार ४४४ रुपैयाँ सहयोग प्रदान गरेको छ । विद्यालयले विपद्को यस कठिन घडीमा बाढीपीडित नागरिकप्रति ऐक्यबद्धता जनाउँदै मानवीय सहयोग स्वरुप उक्त सहयोग प्रदान गरिएको हो । विद्यालयका संस्थापक माधव भट्टराई र प्रिन्सीपल सविता पोखेलले विपद्का समयमा पीडितलाई सहयोग गर्नु सामाजिक उत्तरदायित्व भएको बताउनुभयो । विद्यालयले आफना शिक्षक,कर्मचारीहरु र आम विद्यार्थीहरुबाट सहयोग जुटाएर उक्त राहत प्रधानमन्त्री दैवीप्रकोप राहत कोषमा जम्मा गरिएको प्रिन्सीपल पोखेलले बताईन् ।

### रेडक्रस कमलको १५ हजार सहयोग

नेपाल रेडक्रस सोसाईटी कमल पालिका शाखाले भोटेकोशी बाढीपीडतहरुको राहत तथा पूर्नास्थापनाका लागि १५ हजार रुपैया सहयोग पठाएको छ । रेडक्रस सदस्यहरुबाट संकलित उक्त सहयोग रकम हालै प्रधानमन्त्री राहत कोषमा जम्मा गरिएको सभापति चन्द्र साहले बताए ।

***टिपुरेमा....*** *थियो । साम्बासँगै अन्य दुई कुकुर पनि खटिएका थिए । १० गतेदेखि खटिएको साम्बा १६ गते तीन जना सशस्त्र प्रहरी सहित टिमुरे उद्धारका लागि गएको थियो । तालिमप्राप्त ल्याब्रोडर जातको कुकुर 'साम्बा'ले १५ दिनमा १८ देखि २० वटा शव फेला पारेको सशस्त्र प्रहरी बल नेपालका हवल्दार सीताराम कोइरालाले बताए । विशेष तालिमप्राप्त कुकर साम्बासहितको उद्धार टोलीले प्रभावित क्षेत्रमा निरन्तर खटेर शव तथा अवशेष फेला पारेको थियो ।*

*प्रहरी तथा सुरक्षा निकायको संयुक्त उद्धार टोलीले साम्बालाई बाढीबाट अति प्रभावित क्षेत्र रसुवागढी, स्याफ्रुबेंसी, टिमुरे, घट्टेखोला र बेत्रावती क्षेत्रमा परिचालन गरेको थियो । कठिन भौगोलिक अवस्थामा साम्बाले आफ्नो तीव्र सुँघ्ने क्षमताको प्रयोग गरी शव पत्ता लगाएको थियो । १० गते बाढी आएको दिन देखि खटिएको साम्बा अहिले पनि निरन्तर खटिँदै आएको छ ।*

# चिलिमे टनेलभित्र उद्धारकर्मी प्रवेश

**दमक/** रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित चिलिमे जलविद्युत् आयोजनाको टनेलभित्र फसेकाहरूको खोजी तथा उद्धारका लागि खटिएको टोली टनेलभित्र प्रवेश गरेको छ ।

शुक्रबार बिहानैदेखि एक्स्काभेटर प्रयोग गरेर टनेलको प्रवेश क्षेत्रमा थुप्रिएको भग्नावशेष, ढुंगामुढा, कंक्रिट तथा लेदो पन्छाउने काम गरेपछि उद्धार टोली टनेलभित्र प्रवेश गरेको हो ।

उद्धार टोली टनेलभित्र प्रवेश गरेर फसेकाहरूको खोजी तथा अवस्थाबारे जानकारी लिने काम अघि बढाइरहेको छ ।

बाढीले थुपारेको बाक्लो लेदो र भग्नावशेष हटाउँदै टनेलतर्फ जाने बाटो खुलाइएको थियो । बाटो खुलेपछि उद्धार टोली टनेलभित्र प्रवेश गरी खोजी कार्य अघि बढाएको हो ।

टनेलभित्र फसेका श्रमिक तथा अन्य व्यक्तिहरूको अवस्था पत्ता लगाएर सुरक्षित उद्धार गर्ने उद्देश्यले टोलीले खोजी कार्यलाई निरन्तरता दिएको छ ।

***करेन्ट...*** बीएण्डसी अस्पतालका प्रहरीले इलाका प्रहरी कार्यालय धुलाबारीमा घटनाबारे जानकारी गराउनासाथ प्रहरी चौकी चारआलीबाट प्रहरी नायव निरीक्षक किरण राईको कमाण्डमा टोली खटिएर थप बुझ्ने कार्य भइरहेको जनाइएको छ ।

# ब्रिक्स सम्मेलनका लागि विश्व नेताहरू दिल्लीमा



**नयाँ दिल्ली/**। भारतको राजधानी नयाँ दिल्लीमा हुने १८औं ब्रिक्स शिखर सम्मेलनमा सहभागी हुन विश्वका शीर्ष नेताहरूको आगमन सुरु भएको छ। सेप्टेम्बर १२ र १३ मा भारत मण्डपममा हुने सम्मेलनमा रुसी राष्ट्रपति भ्लादिमीर पुटिन र चिनियाँ राष्ट्रपति सी जिनपिङको सहभागितालाई विशेष महत्त्वका साथ हेरिएको छ ।

युक्रेन युद्ध सुरु भएयता रूसबाहिर आयोजना भएको ब्रिक्स सम्मेलनमा पुटिनको यो पहिलो व्यक्तिगत सहभागिता हो । भारतीय सञ्चारमाध्यमका अनुसार पुटिन नयाँ दिल्ली आइपुगेका छन् । उनलाई विदेश राज्यमन्त्री केभी सिंहले स्वागत गरेका थिए ।

पुटिनको सुरक्षाका लागि रूसबाट विशेष विमानमार्फत 'और स सीनेट' लिमोजिनसहित बुलेटप्रुफ तथा बख्तरबंद सवारीसाधन भारत ल्याइएको छ । उनको भित्री सुरक्षा रुसी संघीय सुरक्षा सेवाले सम्हाल्नेछ भने बाहिरी सुरक्षा भारतीय सुरक्षा निकायले गर्नेछ। सम्मेलनअघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र पुटिनबीच उच्चस्तरीय भेटवार्ता हुने बताइएको छ । भेटमा रक्षा सहयोग, सु-५७ लडाकु विमान र ब्रह्मोस क्षेप्यास्त्रलगायत विषयमा छलफल हुने अपेक्षा गरिएको छ ।

सात वर्षपछि चिनियाँ राष्ट्रपति सी जिनपिङ पनि ब्रिक्स सम्मेलनमा सहभागी हुन भारत आउँदैछन् । गलवान घटनापछि भारत-चीन सम्बन्धमा आएको चिसोपनबीच सीको भारत भ्रमणलाई महत्त्वपूर्ण कूटनीतिक घटनाका रूपमा हेरिएको छ । पछिल्लो समय दुई देशबीच सम्बन्ध सुधारका संकेत देखिए पनि व्यापार, भिसा र लगानीसम्बन्धी समस्या तत्काल समाधान हुनेमा भने आशंका छ । सम्मेलनमा दक्षिण अफ्रिका, इजिप्ट, इन्डोनेसिया, इरान र इथियोपियालगायत देशका शीर्ष नेता सहभागी हुँदैछन् । बेलारुस, कजाकिस्तान, मलेसिया र थाइल्याण्डका नेताहरूको समेत सहभागिता रहनेछ ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस, नयाँ विकास बैंकको अध्यक्ष दिल्मा रुसेफ र साउदी विदेशमन्त्री प्रिन्स फैसल बिन फरहान अल साउद पनि सम्मेलनमा सहभागी हुनेछन् ।

विदेशी विशिष्ट पाहुनाको आगमनसँगै नयाँ दिल्लीमा सुरक्षा व्यवस्था कडा पारिएको छ । विमानस्थलदेखि सम्मेलनस्थल र पाहुनाको आवतजावत हुने क्षेत्रमा विशेष सुरक्षा तथा यातायात व्यवस्थापन लागू गरिएको छ ।

# विद्यालय आगलागीमा २४ बालबालिकाको मृत्यु

**एजेन्सी/** पूर्वी डेमोक्रेटिक रिपब्लिक अफ कङ्गो (डीआरसी) को विद्रोहीहरूको कब्जामा रहेको बुकावू सहरमा दुई वटा विद्यालयमा आगलागी भएको छ। आगलागीबाट बच्ने प्रयासका क्रममा मच्चिएको भागदौडमा कम्तीमा २४ जना स्कुले बालबालिकाको मृत्यु भएको स्थानीय अधिकारीहरूले जनाएका छन् ।

घनी आबादी भएको कदुतु समुदायमा भएको यस घटनामा बालबालिकाबाहेक केही वयस्कहरूको पनि मृत्यु भएको छ भने मृतकको संख्या अझै बढ्ने आशंका गरिएको छ। आगलागीबाट बच्न र भाग्ने क्रममा मच्चिएको भागदौड नै ठूलो जनधनको क्षतिको कारण बनेको बताइएको छ ।

घाइते तथा आगलागीबाट प्रभावित व्यक्तिहरूलाई तत्काल नजिकैका अस्पतालहरूमा लगिएको छ ।

भीषण आगलागीको चपेटामा परेर विद्यालयसहित करिब ३०० वटा घरहरू पूर्ण रूपमा जलेर खरानी भएका छन्। यद्यपि आगलागी कुन कारणले फैलिएको हो भन्ने बारेमा हालसम्म खुल्न सकेको छैन । बिहीबार साँझ विद्रोही पक्षद्वारा नियुक्त अधिकारीहरूले मृतकको संख्या कम्तीमा २४ पुगेको पुष्टि गरेका छन्। दक्षिण किवू प्रान्तकी राजधानी बुकावू पहाडी क्षेत्रमा अवस्थित र डीआरसीको सबैभन्दा बढी जनघनत्व भएको सहरहरूमध्ये एक हो ।

# गायन प्रतियोगितामा पूर्वाञ्चलकी गोस्वामी द्वितीय

***दमक/*** *दमक ८ स्थित पूर्वाञ्चल अंग्रेजी बोर्डिङ स्कूलकी छात्रा सुजिता गोस्वामीले दमक नगरस्तरिय गायन प्रतियोगितामा दोश्रो स्थान जितेकी छन् । दमक नगर बाल सञ्जाल, दमकको आयोजनामा राष्ट्रिय बाल दिवस २०८३ को अवसरमा आयोजित नगरस्तरीय गायन प्रतियोगितामा गोस्वामीले द्वितीय स्थान हासिल गरेकी छन् । कक्षा ५ देखि १० सम्मका विद्यार्थीहरूका लागि आयोजना गरिएको उक्त प्रतियोगितामा विभिन्न विद्यालयका विद्यार्थीहरूको सहभागिता रहेको थियो । प्रतियोगितामा गोस्वामीले उत्कृष्ट गायन प्रस्तुत गर्दै द्वितीय स्थान हासिल गर्न सफल भएकी हुन् । गोस्वामीको यस सफलताप्रति विद्यालय परिवारले खुसी व्यक्त गरेको छ । विद्यालयले विद्यार्थीको प्रतिभा प्रस्फुटनका लागि अध्ययनसँगै अतिरिक्त क्रियाकलापलाई समेत प्राथमिकता दिँदै आएको जनाएको छ ।*

***अस्पतालका.....***घटनाको छानबिनका लागि गठित समितिहरूको अन्तिम प्रतिवेदन प्राप्त नभएसम्म र अर्को व्यवस्था नभएसम्मका लागि उनीहरूलाई कामकाजबाट हटाइएको हो ।

अस्पतालका निमित्त प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. रणजित कुमार झाले २०८३ भदौ २६ गते पत्र जारी गर्दै स्टाफ नर्स मनीषा कुमारी साह, स्टाफ नर्स सजन चौधरी, कार्यालय सहयोगी रेणु ठाकुर, स्वीपर कृष्णा मेहतर र सुरक्षा गार्ड देवकान्त झालाई कामकाजबाट हटाएका छन् ।



***संगमस्वीट्समा उपभोक्ताहरूको भीड :*** *दमकको संगम स्विट्स हाउसमा शुक्रवार विहान किनमेलका लागि देखिएको उपभोक्ताहरूको भीड । बाबाको मुख हेर्ने दिन (कुशेऔसी)का अवसरमा बुबालाई मिठो भोजन खुवाउने चलनका कारण मिष्ठानसहित फलफूल पसलमा विहानैदेखि उपभोक्ताहरूको निकै ठुलो भिडभाड लागेको थियो ।*

***जनताले....*** महासंघका पूर्वअध्यक्ष चन्द्रप्रसाद ढकाल, पूर्वराज्यमन्त्री उमेश श्रेष्ठ र वरिष्ठ उद्योगी पवन गोल्यान सहभागी थिए। सांसद तथा व्यवसायी विदुषी राणाले छलफलको सहजीकरण गरेकी थिइन्। व्यवसायी मीनबहादुर गुरुङलाई पनि बोलाइएको भए स्वास्थ्य समस्याका कारण उनी सहभागी हुन सकेनन् ।

छलफलपछि ढकालले भेटलाई सकारात्मक, उत्साहजनक र परिणाममुखी भएको बताए । निजी क्षेत्रले उद्योग, व्यापार, पर्यटन र पूर्वाधारका समस्या राखेको तथा प्रधानमन्त्रीले लगानी प्रवर्द्धनमा राज्यले अभिभावकत्व लिने प्रतिबद्धता जनाएको उनले बताए ।

प्रधानमन्त्री शाहले स्वदेशी पुँजी र प्रत्यक्ष वैदेशिक लगानीलाई सँगसँगै अघि बढाउने, पूर्वाधारमा निजी लगानी आकर्षित गर्ने, रोजगारी सिर्जना गर्ने र राजस्वको दायरा विस्तार गर्ने विषयमा चासो देखाएको बताइएको छ ।

छलफलमा व्यवसायीहरूले अनुसन्धान निकायबाट हुने अनावश्यक धरपकड र कानुनी त्रासका कारण निजी क्षेत्रको मनोबल खस्किएको गुनासोसमेत गरेका थिए। त्यसमा प्रधानमन्त्रीले व्यावसायिक सुरक्षाको ग्यारेन्टी गर्ने प्रतिबद्धता जनाएको सांसद राणाले बताइन् ।

राणाका अनुसार प्रधानमन्त्रीले देशद्रोह वा गम्भीर बदमासीबाहेक नीतिगत वा प्रणालीगत कमजोरीमा व्यवसायीलाई थुन्नुभन्दा वित्तीय जरिवाना तिराएर काम गर्न दिनुपर्ने धारणा राखेका थिए ।

दुर्गम क्षेत्रमा निजी लगानी भित्र्याउन सरकारले सडक, पुल र बिजुलीजस्ता आधारभूत पूर्वाधार पुऱ्याउने प्रस्तावसमेत प्रधानमन्त्रीले अघि सारेका छन्। डोल्पा, मुगु वा राराजस्ता क्षेत्रमा ठूलो लगानी गर्ने व्यवसायीलाई आवश्यक पूर्वाधार सरकारले उपलब्ध गराउने उनको भनाइ थियो । विद्यार्थी र पुँजी पलायन रोक्न मेडिकल तथा नर्सिङ शिक्षाको क्षमता विस्तार, विश्वस्तरीय विश्वविद्यालय र अस्पताल स्थापना तथा कृषिको औद्योगिकीकरणका विषयमा पनि छलफल भएको छ । प्रधानमन्त्रीले अर्थतन्त्रमा करिब ८० प्रतिशत हिस्सा ओगट्ने निजी क्षेत्रलाई विश्वासमा लिएर ७ प्रतिशत आर्थिक वृद्धिको लक्ष्य हासिल गर्ने सरकारको प्रतिबद्धता दोहोऱ्याएका छन् ।

तर एकातिर सरकार निजी क्षेत्रसँग लगानी र आर्थिक वृद्धिको योजना बनाइरहेको छ भने अर्कोतिर अत्यावश्यक वस्तु ग्यासको आपूर्ति व्यवस्थापनमै सरकारमाथि गम्भीर प्रश्न उठेको छ । संसद्मा सत्ता पक्षकै सांसदले सरकारको कार्यशैलीमाथि प्रश्न उठाउँदै तत्काल समस्या समाधान र दोषीमाथि कारबाहीको माग गरिरहेका बेला नयाँ उद्योगमन्त्रीसामु ग्यास संकट समाधान गर्नु पहिलो चुनौती बनेको छ ।

***हत्या...*** फालेको उनीहरूले बताएका छन् ।

प्रहरीले घटनामा प्रयोग भएको बन्चरोसहित केही हतियार बरामद गरेको छ । भदौ २४ गते घटनाबारे थप तथ्य खुलेपछि दुवैलाई पक्राउ गरिएको हो । पक्राउ परेका आमाछोरालाई पाँचथर जिल्ला अदालतले भदौ २५ गते पाँच दिनको म्याद थप गरेको छ । प्रहरीले घटनाबारे थप अनुसन्धान गरिरहेको जनाएको छ ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

**शुभकामना बचत तथा ऋण सहकारी संस्था लि. दमक-६ झापाको**

## चौधौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस संस्थाको सञ्चालक समितिको २०८३ भाद्र १४ गते बसेको बैठकको निर्णय बमोजिम संस्थाको **चौधौं वार्षिक साधारण सभा** निम्न मिति, समय र स्थानमा हुने निर्णय भएको हुँदा सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**तपसिल :**

❍ **सभा हुने मिति: २०८३/०६/२८ बुधवार**
❍ **समय: विहान १० बजेदेखि** ❍ **स्थान: पशुपति मन्दिर (सभाहल)**

**छलफलका विषयहरु**

- सञ्चालक समितिको तर्फवाट अध्यक्ष ज्यूले प्रस्तुत गर्ने प्रतिवेदन माथि छलफल गरी पारीत गर्ने सम्वन्धमा।
- संस्थाको आ.व. २०८२/०८३ को लेखा परिक्षण प्रतिवेदन माथि छलफल गरी पारीत गर्ने सम्बन्धमा।
- संस्थाको २०८२/०८३ को लेखा समितिको प्रतिवेदन उपर हलफल गरी पारीत गर्ने सम्वन्धमा।
- संस्थाको चालु आ.व. २०८३/०८४ नीति/कार्यक्रम बजेट माथि छलफल गरी पारीत गर्ने सम्वन्धमा।
- चालु आव २०८३/०८४ का लागि लेखापरिक्षकको नियुक्ति तथा पारिश्रमीक निर्धारण गर्ने सम्वन्धमा।
- पुनः लिखित विनियम उपर छलफल गरी पारीत गेरीने सम्वन्धमा।
- वार्षिक साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गरी निर्णय गर्नका लागि शेयर सदस्यको तर्फबाट दश (१०) जना प्रतिनिधि चयन गर्ने सम्बन्धमा।

***विस्तृत जानकारीका लागि कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध छ।***

## उर्लाबारी नगरपालिकाको सँधियारको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०२बस्ने मेघ बहादुर कामीको नाममा दर्ता कायम रहेको लेटाङ-९/घ को कि.नं. ४८२ ज.वि. ०-०-१०-२मा नयाँ घर निर्माणका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सुचना जारि गरि१६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा पूर्वतर्फ सँधियार संजु फोफाहांग लिम्बु पश्चिमतर्फ सँधियार संगिता राई उतरतर्फ सँधियार राजन पाण्डे उपस्थित नहुनु भएको हुदा उहाँहरुलाई उक्त स्थानमा घर निर्माण गर्दा कुनै विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सूचनामार्फत जानकारी गराइन्छ। अन्यथा निजको नाममा नियमअनुसार सिफारिस भइ जाने व्यहोरा जानकारी गराइन्छ ।

◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२, मुद्रण: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com